ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
भ्रष्टाचार विरूद्धको सहकार्य

घर नं: ५७/६२, छकुबकु मार्ग, नयाँबानेश्वर, काठमाडौं, नेपाल
पोष्ट बक्स नं: ११४८६
फोनः ००९७७-१-४५७५२६२, ४५७५०६२, फ्याक्सः ००९७७-१-४५७५११२
इमेलः trans@tinepal.org, वेभसाइटः www. tinepal.org, tinepal
(जि.प्र.का. काठमाडौं दर्ता नं.८७/०५३/०५४, समाज कल्याण परिषद् आ.नं.१४०११)

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
TRANSPARENCY INTERNATIONAL NEPAL
भ्रष्टाचार विरुद्धको सहकार्य The Coalition Against Corruption

# प्रेश विज्ञप्ति : बढ्दो भ्रष्टाचार र जेन जेड आन्दोलन

सामाजिक सञ्जाल बन्द गर्ने नेपाल सरकारको हालको निर्णयले अभिव्यक्ति स्वन्त्रता, सूचना र सञ्चारजस्ता संविधान प्रदत्त नागरिकको आधारभूत अधिकारहरू प्रतिबन्धित हुन गएका छन् । पारदर्शिता र जवाफदेहीताको अभिवृद्धि तथा भ्रष्टाचार उजागर गर्ने कार्यमा सामाजिक सञ्जालको भूमिका महत्वपूर्ण हुँदै गएको अवस्थामा यसलाई सरकारले अकस्मात बन्द गर्दा नागरिक अधिकारको हनन् एवम् पारदर्शिता र जवाफदेहीतामा पर्दा लाग्न गई बढ्दो भ्रष्टाचार ढाकछोप हुने वातावरण बन्न गएको महसूस ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालले गरेको छ ।

भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस २०२४ को मूल विषयवस्तु "Uniting with Youth Against Corruption: Shaping Tomorrow's Integrity" रहेको समेत सन्दर्भमा देशका युवाले हालै सरकारबाट सामाजिक सञ्जालहरूमा लगाइएको बन्देज तथा बढ्दो भ्रष्टाचारको विरुद्धमा स्वःस्फूर्तरुपमा सुरु गरेको आन्दोलनप्रति ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल समर्थन जनाउँदछ ।

समस्याको शान्तिपूर्ण निकास दिई चरम अवस्थामा पुगेको भ्रष्टाचारलाई वस्तुपरकरुपमा नियन्त्रण गर्ने र भ्रष्टाचारीलाई कारबाही गर्नेतर्फ लाग्नुपर्नेमा सत्ताको बल प्रयोग गरी युवाको आवाजलाई दबाउन खोजिएको कारण दर्जनभन्दा बढी युवाहरूले ज्यान गुमाउनु परेको अत्यन्तै पीडादायक अवस्था सिर्जना हुन गएको छ । जिम्मेवार व्यक्तिहरूलाई कानुनअनुसार कारबाही गरी थप द्वन्द्वको अवस्था सिर्जना हुनगएमा जनधनको अझ बढी क्षति हुनसक्ने अवस्थाप्रति अत्यन्तै गम्भीर हुन ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल सरकारलाई अपिल गर्दछ ।

मदन कृष्ण शर्मा
**अध्यक्ष**
२०८२ भदौ २३